जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ११० पृष्ठः ४ २०८२ भदौ ०१ गते आइतबार (Sunday 17 Aug. 2025) मूल्य रु. ५।- इमेल : mgnd2070@gmail.com

## कृष्ण जन्माष्टमीको अवसरमा चोहर्वामा मटकाफोर कार्यक्रम सम्पन्न




सिरहा, ३१ साउन। सिरहाको गोलबजार नगरपालिका-८ पुरानो चौक चोहर्वामा चोहर्वा बजार विकास समिति र गोलबजार नगरपालिकाको संयुक्त आयोजनामा भगवान श्रीकृष्ण जन्माष्टमीको अवसरमा मटकाफोर कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि पूर्व कानुन मन्त्री लिलानाथ श्रेष्ठले प्रथम पुरस्कार वितरण गरेका थिए। मटकाफोरमा सहभागी विभिन्न टोल-टोलका टोलीलाई आकर्षक पुरस्कारहरू प्रदान गरिएको थियो। मेला समितिका अध्यक्ष किशोरी यादवका अनुसार गोलबजार नगरपालिका-८ पुरानो चौक चोहर्वाका ओमप्रकाश यादवको टोली २२ फिट माथी झुन्डाइएको मटका-५७ सेकेन्डमा फोरेर प्रथम भएको छ भने, दोस्रो स्थान गोलबजार-८ भाइजीटोलका मण्डल सभा समाजका संजय मण्डलको टोलीले १ मिनेट २२ सेकेन्डमा मटका फोरेर हासिल गऱ्यो। त्यस्तै, गोलबजार नगरपालिका-७ धर्मपुरका टोली २१ फिट माथि झुन्डाइएको मटका ४० सेकेन्डमा फोरेर तेस्रो भए।

प्रथम हुने टोलीलाई नगद रु ३१ हजार ५ सय, दोस्रो हुनेलाई रु २५ हजार ५ सय र तेस्रो हुनेलाई रु १५ हजार ५ सय ५५ नगद सहित ट्रफि प्रदान गरिएको थियो। अन्य टोलीलाई सान्त्वना पुरस्कारस्वरूप रु ५ हजार १ सय वितरण गरिएको आयोजकले जनाएको छ। विहानदेखि सुरु भएको मेला साँझसम्म रंगीन बनेको थियो। राति ९ बजेदेखि चर्चित मैथिली कलाकार रमौलवालीको सांस्कृतिक प्रस्तुति सहित हजारौं

**-बाँकी दुई पेजमा**

## मधेश प्रदेशमा करेन्ट लागेर तीन वर्षमा ३२४ जनाको ज्यान गयो

काठमाडौं, ३१ साउन। मधेश प्रदेशमा करेन्ट लागेर ज्यान गुमाउनेहरुको तथ्याङ्क डरलाग्दो देखिएको छ। मधेश प्रदेश प्रहरीको तथ्याङ्क अनुसार बितेका तीनवटा आर्थिक वर्षमा मधेशका आठ वटा जिल्लामा करेन्ट लागेर तीन सय २४ जनाले ज्यान गुमाएका छन्। प्रहरीका अनुसार गएको आर्थिक वर्ष एक सय १९ जनाले ज्यान गुमाएका थिए। जसमा ८४ जना पुरुष, १८ जना महिला, १३ जना बालक र चार जना बालिका छन्। यस्तै आर्थिक २०८०/०८१ मा ७० जना पुरुष, २२ महिला, पाँच बालक र एक बालिका गरी ९८ जनाले करेन्ट लागेर ज्यान गुमाएका थिए।

आर्थिक वर्ष २०७९/८० मा ८३ पुरुष १४ जना महिला, तीन बालक र सात बालिका गरी एक सय सात जनाको करेन्ट लागेर ज्यान गएको थियो। धेरैजसो करेन्ट पानी तान्ने क्रममा लाग्ने गरेको पाइएको छ। त्यसमा पनि खेतमा मोटर चलाउने बेलामा करेन्ट लाग्ने घटना धेरै देखिएको प्रहरीले जनाएको छ। कतिपय किसानले पोलबाट सिधै तार जोडेर मोटर चलाउँदा करेन्ट लागेको पाइएको छ। घरायसी प्रयोजनका लागि चापाकल र डिप बोरिङमार्फत पानी निकाल्दा पनि करेन्ट लाग्ने घटना भएका छन्।




## रास्वपा सभापति लामिछानेलाई नख्खु कारागार स्थानान्तरण

काठमाडौं, ३१ साउन। कारागार व्यवस्थापन विभागले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई रुपन्देही जिल्ला कारागारबाट नक्खु कारागारमा स्थानान्तरण गरेको छ। हिजोको निर्णय अनुसार लामछिनेलाई कहीबेर अघि काठमाण्डौ ल्याएको विभागले जनाएको छ। रुपन्देहीको कारागारमा लामिछानेलाई नाजुक अवस्थामा राखेको भन्दै विरोध भएपछि विभागले स्थानान्तरण गरेको हो। लामिछानेले तीन महिना अघि नै आफूलाई नख्खुमा स्थानान्तरण गर्न अनुरोध गर्नुभएको थियो। पछिल्लो हप्ता सञ्चारमाध्ययमहरुमा रवि लामछिनेलाई सामान्य सुविधा पनि नदिएको, समाचार पढ्न र भेटघाट गर्न रोकेको जस्ता विषय सार्वजनिक



भए पनि राष्ट्रिय मानव अधिकार आयोगको टोलीले अनुगमन गरेको थियो।

आयोगले लामिछानेले जेलमा आधारभूत मानव अधिकार उपभोग गर्न नपाएको बताएपछि सरकारलाई दबाब परेको हो। यस्तै रुपन्देहीमा उपचुनावको प्रचारप्रसार समेत शुरु भएकोले पनि सरकारले लामिछानेलाई स्थानान्तरण गरेको हुनसक्ने राश्वपाले जनाएको छ। कारागार प्रशासनले रुपन्देहीमा जेलको पूर्वाधार, सुरक्षा चुनौती र कैदीबन्दीको चापका कारण लामिछानेलाई उचित सुविधा दिन नसकिएको दाबी गरेको थियो। तर नक्खु कारागारमा पनि क्षमताभन्दा धेरै कैदीबन्दी छन्। नख्खुमा सुविधा केही फरक हुन सक्ने कारागार व्यवस्था विभागका महानिर्देशक लीलाप्रसाद शर्माले बताउनुभएको छ।

रुपन्देहीको सूप्रीम बचत तथा ऋण सहकारी संस्थाको बचत अपचलनमा लामिछानेविरुद्धको मुद्दा रुपन्देही जिल्ला अदालतमा विचाराधीन छ। त्यही मुद्धामा

**-बाँकी तीन पेजमा**

## चट्याङबाट बच्न निम्न उपाय अपनाऔं।

**घरबाहिर हुँदा**

- आकाशमा बिजुली चम्किदा, गड्याङगुडुङ्क हुँदा घरभित्र जाऔं,
- नजिकै घर नभए ओतमा बसौं,
- रुख वा बिजुलीको पोलमुनि नबसौं,
- छाता नओढौ.
- खेतबारीमा काम नगरौं,
- कुनै ओत नभए दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं,
- भुँइमा लम्पसार परेर नसुतौं।

**घरभित्र हुँदा**

- टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, विजुलीका स्वीच अफ गरौं,
- त्यस्ता उपकरण विजुलीको प्लगबाट छुटाऔं,
- तारवाला फोन प्रयोग नगरौं, मोवाइल स्वीच अफ गरौं,
- नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- झ्याल, झ्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं.
- भित्ता वा झ्यालमा अडेस लागेर नबसौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## कानुनी शासनमै समाधान खोज्नु आजको आवश्यकता

प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेश प्रहरी कार्यालयको नवनिर्मित भवन उद्घाटन गर्दै दिएका भनाइहरू समसामयिक घटनाक्रमसँग सान्दर्भिक मात्र होइनन्, दीर्घकालीन रूपमा पनि मार्गदर्शक हुन्। उनले जनकपुरमा देखिएको बार एसोसिएसन र पत्रकार महासंघबीचको जग्गा विवादप्रति संकेत गर्दै 'जोर–जबरजस्ती होइन, कानुनी संवादबाट समस्या समाधान गर्नुपर्ने सन्देश दिए। यो भनाइ केवल एउटा घटना सीमित नभई, देशभर फैलिएको सामाजिक–राजनीतिक संक्रमणकालीन अवस्थालाई सम्बोधन गर्ने गम्भीर आग्रह हो।

नेपालको लोकतान्त्रिक विकासक्रममा कानुनी शासनको अभ्यास अझै सबल हुन सकेको छैन। कानुनभन्दा माथि उठेर स्वार्थपूर्ति गर्न खोज्ने प्रवृत्ति, दलगत प्रभाव प्रयोग गरी राज्य संयन्त्रलाई वशमा पार्ने प्रवृत्तिहरू अझै विद्यमान छन्। यस्तो अवस्थामा प्रधानमन्त्रीको 'कानुनी संवाद' मा जोड दिनु सकारात्मक संकेत हो, तर यसलाई व्यवहारमा उतार्न पनि त्यत्तिकै आवश्यक छ।

विगत केही समयदेखि मधेश प्रदेशमा लागूऔषधको तस्करी, युवाहरूमा कुलतको बढ्दो प्रभाव, राजस्व चोरी, र निर्दोष व्यक्तिहरूलाई फसाउने प्रवृत्तिले गम्भीर चिन्ता पैदा गरेको छ। प्रधानमन्त्रीले यी समस्याहरूलाई पहिचान गर्दै समाधानका लागि कठोर कदम चाल्नुपर्ने बताए। उनले लागूऔषध नियन्त्रण, खुला सीमाको दुरुपयोग रोकथाम, र अपराध नियन्त्रणमा प्रभावकारी प्रहरी प्रशासनको खाँचो औँल्याए।

त्यस्तै, प्रधानमन्त्रीले प्रहरीलाई 'जनतालाई प्रारम्भिक सेवा र न्याय दिने संस्था'को रूपमा प्रस्तुत गर्नुपर्ने आवश्यकता औँल्याउनु पनि सराहनीय हो। यद्यपि विगतमा प्रहरीमाथि लगाइएका राजनैतिक दबाब, दण्डहीनता, र भेदभावपूर्ण कार्यशैलीका आरोपहरूका बीच यस्तो परिवर्तन सम्भव हुन ठोस नीतिगत तथा संरचनात्मक सुधार आवश्यक छ।

प्रधानमन्त्रीको भनाइमा अर्को महत्वपूर्ण पक्ष सुशासन र भ्रष्टाचार नियन्त्रण थियो। उनले सरकार जनतालाई छिटोछरितो सेवा दिन प्रतिबद्ध रहेको बताए। सुशासन भनेको केवल नीति घोषणा होइन, त्यसको कार्यान्वयन हो। जबसम्म नागरिकले दैनिक जीवनमा सेवा प्रवाहमा सुधारको अनुभूति गर्दैनन्, तबसम्म सुशासनको नाराले मात्र काम चल्दैन। भ्रष्टाचार नियन्त्रणका लागि निष्पक्ष छानबिन, पारदर्शिता, र उच्चस्तरीय जवाफदेहिता अनिवार्य छन्।

राजनीतिक टिप्पणीका क्रममा प्रधानमन्त्रीले संघर्षबाट आएका नेताहरूको योगदानको चर्चा गर्दै 'नयाँ शक्ति' भनिने पार्टीहरूलाई तुच्छ दृष्टिले व्याख्या गरे। यस्ता अभिव्यक्तिहरू संसदमा प्रतिपक्षको भूमिकालाई कमजोर पार्ने मात्र होइन, लोकतान्त्रिक परिपक्वतामाथि प्रश्न खडा गर्ने खालका हुन्। आलोचना र बहस लोकतन्त्रका आधारस्तम्भ हुन् र फरक मतलाई सम्मान गर्नु नेतृत्वको नैतिक जिम्मेवारी पनि हो।

अन्त्यमा, प्रधानमन्त्रीको कानुनी संवादको आग्रह, सुशासनप्रतिको प्रतिबद्धता, र अपराध नियन्त्रणमा देखिएको संलग्नता प्रशंसनीय छ। तर, यी भनाइहरू व्यवहारमा कति उतारिन्छन् भन्ने नै मुल्याङ्कनको आधार हुनेछ। अब सरकारको प्राथमिकता भनेको कानुनी शासनलाई सबल बनाउने, अपराध नियन्त्रण गर्ने, र जनतालाई सेवा दिने संयन्त्रलाई विश्वासिलो बनाउनेतर्फ केन्द्रित हुनु जरुरी छ। देशले अब केवल भाषण होइन, प्रभावकारी कार्यान्वयनको अपेक्षा गरिरहेको छ।

# सांसदका शब्दको समाजमा असर

**सञ्जीव पौडेल**

हामीले अपनाएको संसदीय व्यवस्थालाई बेलायतमा सन् १२१५ मा जारी भएको 'म्याग्ना कार्टा'को आधारमा स्थापित बेलायती संसदीय व्यवस्था जस्तै मानिन्छ। तर पनि नेपालमा संवैधानिक सर्वोच्चता छ भने बेलायतमा संसदीय सर्वोच्चता छ। त्यहाँ संसदले बनाएको कानुनलाई अदालतले खारेज गर्न सक्दैन, तर नेपालमा भने अदालतले त्यस्तो कानुन खारेज गर्न सक्छ। बेलायतले १२औँ शताब्दीदेखि नै प्रजातन्त्रको अभ्यास थालेको थियो, तर हामी २१औँ शताब्दीमा मात्र यसको अभ्यास गर्दैछौँ। सायद यही कारणले हाम्रो प्रजातान्त्रिक अभ्यास र आचरण परिपक्व देखिँदैन।

लोकतन्त्रको मूल मर्म भनेको विचारको प्रतिस्पर्धा हो। गालीगलौज, अपमान वा हिंसाका लागि उक्साउने कुरा होइन। नेपालजस्तो नवलोकतान्त्रिक समाजमा संसद् कहिलेकाहीँ उत्तेजनाको मैदान बन्न पुग्छ। केही सांसदका भनाइ यति उत्तेजक र आक्रामक हुन्छन् कि तिनले समाजलाई गलत दिशामा लैजाने, द्वेष र हिंसा फैलाउने खालका हुन्छन्। हामीले सांसदलाई संसद्मा पठाउँछौँ। संसदको आत्मा भनेको बोली हो। यो बोली विचार, विरोध, प्रस्ताव र प्रतिरोधका रूपमा अभिव्यक्त हुन्छ। आफूले मत दिएर आफ्नो अधिकार प्रयोग गर्न पठाएका व्यक्तिले संसद्मा वा संसद्बाहिर बोल्ने शब्दहरू केवल ध्वनि मात्र होइनन्। ती जनताको आवाज, मूल्य र प्रतिनिधित्वका दस्तावेज पनि हुन्। तर कहिलेकाहीँ उनीहरूले क्षणिक लोकप्रियताका लागि बोल्ने शब्दहरू यति विषाक्त, विभाजनकारी र भ्रमपूर्ण हुन्छन् कि तिनले समाजमा हिंसा भड्काउने सम्भावना रहन्छ। यसले सांसदको मर्यादा मात्र होइन, लोकतन्त्रको चरित्रमाथि नै आँच पुऱ्याउँछ।

नेपालको संसदीय इतिहासमा पछिल्ला केही वर्ष यस्ता शब्दका कारण लज्जाबोध गर्नुपर्ने अवस्था सिर्जना भएको छ। सांसदहरूका टिप्पणी, भाषण र अभिव्यक्तिले संसदलाई मञ्च भन्दा अखडा जस्तो बनाउँदै लगेका छन्। नेपालको प्रतिनिधिसभा तथा राष्ट्रियसभामा केही शब्दहरू हटाइएका थुप्रै उदाहरण छन्। दलका उच्च तहका नेताका भनाइदेखि लिएर विभिन्न सांसदले बोलेका भनाइहरू हटाइएका छन्। जस्तै– आक्रोस, कुण्ठा, कसैको गोठालो होइन, ढाड सेक्ने, घुँडा टेक्ने, ७२ जिल्ला भाडामा दिने, फट्केलो छोरो, भैँसी चढेर आएको, खरानी बनाउने, संसदलाई भेडीगोठको संज्ञा दिएको र मेन्टल भएको जस्ता शब्दहरू। त्यस्तै, जब भयो राति अनि बूढी ताती, नहुनु मामाभन्दा कानो मामा निको, केको झोलमा जात फालेको, बहुला कुकुरले टोकेको जस्ता नेपाली उखानहरू पनि संसदको रेकर्डबाट हटाइएका छन्।

यस्ता शब्दहरू हटाइए पनि तिनको प्रभाव जनमानसमा फैलिसकेको हुन्छ। हटाइएका शब्दहरू समाचार बनेर छरपष्ट भइसकेपछि अभिलेखबाट हटाउनु केवल कागजी मर्यादा जोगाउने प्रक्रिया मात्र हो। यसले व्यावहारिक असर रोक्दैन। सभामुखको निर्देशनमा हटाइएका यस्ता शब्दहरू बारम्बार युट्युब क्लिप, फेसबुक पोस्ट र पत्रपत्रिकामा सन्दर्भ बनिरहन्छन्। संसदमा मात्र होइन, सांसदको हैसियतमा जहाँ बोले पनि शब्दले नेतृत्व गर्छ र शब्दले नै तोड्छ पनि। जब संसद्मा बोल्ने सांसदहरू जनताका पीडालाई सम्बोधन गर्नुभन्दा आरोप, गाली र अपमानजनक शैलीमा उत्रिन्छन्, त्यो विरोधीलाई होच्याउने अभ्यास मात्र नभई जनताको विश्वासको अपमान पनि हो।

नेपालमा मात्रै होइन, विश्वभर नै संसदभित्र शब्दहरूको प्रयोग र त्यसको प्रभाव गहिरो हुन्छ। बंगलादेशमा एक सांसदले विपक्षी सांसदमाथि अपमानजनक टिप्पणी गरेपछि सभामुखले तुरुन्त रोकेर सार्वजनिक माफी माग्न लगाउनुपरेको थियो। भारतमा संसदमा केही सांसदले धार्मिक कट्टरता र सामाजिक विभाजन फैलाउँदै मुस्लिम समुदायलाई लक्षित गरेर 'घुसपैठिया' र 'देशद्रोही' जस्ता शब्द प्रयोग गर्दा कतिपय प्रान्तमा दङ्गा भड्काउने वातावरण बनेको थियो। पाकिस्तानी संसदमा गालीगलौज, धम्की र 'देश बेच्ने' आरोपले संसदको स्तर नै खस्किएपछि सांसदलाई माफी मगाइएको थियो।

अमेरिकी राष्ट्रपति ट्रम्पले चुनावको परिणाम अस्वीकार गर्दै संसद भवन नजिकै आफ्ना समर्थकहरूलाई 'फाइट लाइक हेल' अर्थात् 'पूरै ताकत लगाएर लड्नु, कडा प्रतिरोध गर्नु' भनेपछि त्यसको केही समयमै अमेरिकाको संसद (क्यापिटल हिल) मा आक्रमण भएको थियो। उक्त घटनामा पाँच जनाको मृत्यु भएको थियो। यो शब्दद्वारा हिंसा भड्काइएको एउटा ऐतिहासिक प्रमाण हो। अमेरिकाको कंग्रेसमा केही वर्षअघि एक सांसदले राष्ट्रपतिलाई झुट बोल्ने व्यक्ति वा फटाहा अर्थात् 'लायर' भनेर गाली गरेपछि त्यसलाई असंसदीय ठहर गरी चेतावनी दिइएको थियो। अमेरिकी संसदमा यस्ता शब्द प्रयोग भएमा सार्वजनिक आक्रोश चर्किन्छ र सांसदलाई सच्चिन बाध्य पारिन्छ।

नेपाली संसदमा यस्तो चलन छैन। यहाँ त सांसदका शब्दहरू विवादास्पद भएपछि दलले उल्टै 'उनले ठिकै भने' भनेर समर्थन गर्छन्। दलगत स्वार्थले गर्दा मर्यादाको मूल्य घटिरहेको छ। प्राचीन भारतका विद्वान् चाणक्यले भनेका थिए, 'राजा वाणीको दास हुनु हुँदैन, वाणी शासनको साधन हुनुपर्छ'। यहाँ राजाको अर्थ देशको नेतृत्व गर्ने व्यक्ति भन्ने अर्थ लाग्छ। तर आज नेपालका जनताको नेतृत्व गर्ने सांसदहरुको वाणी नियन्त्रणमा छैन र वाणी उनको नियन्त्रणमा छ जस्तो देखिँदैन। नेपालको पछिल्लो संसदीय इतिहासमा केही यस्ता अभिव्यक्ति देखिए, जसले जनभावना भड्काउन र समाजलाई भ्रममा पार्न सके, तर लोकतान्त्रिक मर्यादा र सामाजिक सद्भावको सन्देश दिन सकेनन्। नयाँ र युवा भन्ने उपाधि पाएका केही सांसदहरूले 'नयाँ नेपाल'को सपना देखाउनु, आफ्नो एजेन्डा प्रस्तुत गर्नु, आम जनताका मुद्दामा बोल्नुको सट्टा 'नयाँ उत्तेजना'को नारा बोकेर संसदको मर्यादाको अपमान गरिरहेका छन्।

लोकतन्त्र विचारहरूको प्रतिस्पर्धा हो, व्यक्ति विरोधी बञ्चरो होइन। उदाहरणका लागि केही सांसदहरूले भनेका छन्। 'देश बिगार्ने बाँदर र बँदेललाई मार्ने बन्दुक ल्याउनुपर्छ' ( व्यक्तिलाई बाँदर र बँदेलको संज्ञा दिने अनि मार्न बन्दुकको प्रयोग जस्ता हिंसात्मक शब्दको प्रयोग)। 'बूढाहरूलाई गोली नहानी चिम्टी–चिम्टी मार्नुपर्छ' (आपत्तिजनक र हिंसा भड्काउने शब्दको प्रयोग)। 'सडकमा घिसारेर ल्याउनेछु' ( आवेगात्मक, नकारात्मक र हिंसात्मक शब्दको प्रयोग)। 'यही गढीमाईमा मलाई बलि दिनु' ( अहिलेको जमानामा मानिसको बलि चढाउने कुराले क्षणिक सेन्टिमेन्ट लिने र समाजलाई उत्तेजित पार्ने काम)। 'मलाई मारेनन् र जिउँदै छोडे भने...' ( आवेगात्मक र मनोभावनालाई असर पर्ने गरी मार्न लागेका रहेछन् भनेर सहानुभूति लिने काम)।

'गन्हाउने सांसद', 'फरिया समातेर आएको सांसद' (समान हैसियतका सांसदलाई एकले अर्कालाई होचो देखाएर आफू अग्लो बन्ने काम)। यी बोलीले सांसदहरूको भाषिक स्तर मात्र घटाएका छैनन्, जनतालाई हिंसाको सम्भावनातर्फ आकर्षित गर्ने प्रयास पनि गरेका छन्। सरकारसँग असन्तुष्ट समाजलाई क्षणिक रूपमा लोकप्रिय बन्नका लागि बोलेका यी शब्दहरू रमाइलो लाग्न सक्छन्, तर अन्ततः यी सामाजिक रूपमा समाज भड्काउने अभिव्यक्ति हुन्। वाणीका बारेमा भगवद् गीताको एउटा भनाइ छ, 'मनलाई नअत्ताउने, सत्य, प्रिय, हितकारी र आत्म–अध्ययनयुक्त बोली नै वाणीको तपस्या हो'। समाजका अगुवा (नेता, गुरु, सांसद, विद्वान, बुद्धिजीवी आदिका सन्दर्भमा) ले अपमानजनक वा कठोर भाषा प्रयोग गर्नुहुँदैन भन्ने धारणा धर्म, दर्शन र नैतिक शिक्षामा गहिरो रूपमा पाइन्छ। बुद्ध धर्ममा 'सम्यक वाक् (राइट स्पिच)' आष्टाङ्गिक मार्गको एक प्रमुख अङ्ग हो। यसअन्तर्गतः कठोर वा कटु वचन नबोल्ने, झगडा निम्त्याउने वा दोहोरो कुरा नगर्ने, समयसापेक्ष, हितकारी, प्रेमपूर्ण वाणी प्रयोग गर्ने जस्ता कुरा पर्छन्। कन्फ्युसियसले भनेका छन्, 'द सुपेरियर म्यान इज मोडेस्ट इन हिज स्पिच बट एक्सिड्स इन हिज एक्सन'। जसको अर्थ हो– 'श्रेष्ठ मानिस बोलीमा नम्र हुन्छ, तर कर्ममा उत्कृष्ट हुन्छ।'

लोकतन्त्र केवल चुनाव जित्ने खेल मात्र नभई सामाजिक उत्तरदायित्व र भाषा संयमको अभ्यास पनि हो। एउटा सांसदको बोली सडकका युवाका नारामा, फेसबुक लाइभका प्रतिक्रियामा र गाउँका चियापसलका बहसमा प्रतिध्वनित हुन्छ। सांसदहरूले प्रयोग गर्ने शब्द, तिनको भाव र त्यसभित्र लुकेको सन्देशले समाजलाई सकारात्मक दिशा दिने वा उथलपुथलको खाडलमा फाल्ने भन्ने कुरा निर्धारण गर्छ। लोकप्रियताका लागि बोलेको उत्तेजक शब्दले क्षणिक ताली त पाउन सक्छ, सामाजिक सञ्जालमा बसेर समाजलाई भड्काउने, रमाउनेहरुलाई कन्टेन्ट बन्न सक्छ। तर यसले दीर्घकालीन रूपमा समाजमा अविश्वास, आक्रोश र अराजकता फैलाउँछ।

शब्दमा हतियारको शक्ति हुन्छ भनिन्छ। बोलेको कुरा प्रमाणजस्तै मानिन्छ। सांसदहरूले बोलेका शब्दहरू केवल अभिव्यक्ति मात्र नभई समाजको दिशानिर्देशन पनि हुन्। त्यसैले तपाईंले बोल्दा तपाईंले योजना, राष्ट्र र जनताका लागि गर्नुपर्ने दायित्व र जिम्मेवारीका कुरा बोल्नुभएको छ त ? तपाईंको बोलीले देशलाई कसरी दिशानिर्देश गर्छ ? आफूले आफैँलाई ढाँट्न सकिँदैन। राति बेडमा जाँदा ठण्डा दिमागले आफैँलाई सोध्नुहोस् त, मैले दिनमा बोलेका कुरा सामाजिक

### कृष्ण जन्माष्टमीको ...

दर्शकको सहभागिता रहने अनुमान गरिएको छ।

स्थानीयवासीका अनुसार यस्ता धार्मिक–सांस्कृतिक कार्यक्रमहरूले सांस्कृतिक ऐक्यता मात्र नभई सामाजिक सद्भाव बढाउन पनि महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

कार्यक्रममा गोलबजार नगरपालिकाका नगर प्रमुख श्यामकुमार श्रेष्ठ, जिल्ला समन्वय समिति सिरहाका उपसभापति दिलिप लामा, नेकपा (माओवादी) मधेश प्रदेश कमिटी सदस्य रामचन्द्र महतो, इटा व्यवसायी संघ सिरहाका अध्यक्ष कृष्णकुमार सिंह, इन्दिरा जलका



सञ्चालक प्रमोदकुमार साह, उद्योग व्यापार संघ गोलबजारका अध्यक्ष विजय साह, वडा नं–७ का अध्यक्ष हरिशरण ठाकुर, वडा नं–८ का अध्यक्ष देवनारायण महतो, इलाका प्रहरी कार्यालय गोलबजारका इन्चार्ज गोविन्द साह, सशस्त्र प्रहरी बल गोलबजारका इन्चार्ज सुरेन्द्र पन्त, उद्योग व्यापार संघ गोलबजारका सचिव विरेन्द्र सिंह (बैजु) लगायतको उपस्थितिमा कर्यक्रम सम्पन्न भएको हो।

कार्यक्रमको अध्यक्षता चोहर्वा बजार विकास समितिका अध्यक्ष नागेन्द्र प्रसाद सिंहले गरेका थिए भने सञ्चालन नेकपा (माओवादी) गोलबजार नगर संयोजक जिवन यादवले गरेका थिए।

# पुरानो आरनमा नयाँ चमक : शिवलाल लोहारको फलाम यात्रा

भैरहवा, ३१ साउन। रूपन्देहीको शुद्धोधन गाउँपालिका–४ सिसवाका शिवलाल लोहारको जीवन पुख्यौंली आरनको आगो र फलामको कामसँग जोडिएको छ। तर, उनको आरन अब परम्परागत मात्र छैन। उनले पुख्यौंली सीपलाई आधुनिक प्रविधि र औजारसँग जोडेर आफ्नो पेसालाई नयाँ जीवन दिएका छन्। यो कथा शिवलालको पुरानो पेसाप्रतिको सम्मान र नयाँ प्रविधिप्रतिको खुला सोचको एक प्रेरणादायी उदाहरण हो।

उमेरले ३७ वर्ष मात्र पुगेका शिवलालले आफ्ना बुबा र हजुरबुबाबाट फलामको काम सिके। उनको पुस्ताले कोइलाको आगो फुकेर फलामलाई तताउने, अनि घन र हथौडाको सहायताले हँसिया, बञ्चरो, खुर्पा, चुलेसीजस्ता औजारहरू बनाउने काम गर्थे। यो कामले धेरै मेहनत र धैर्यको माग गर्थ्यो। एक दिनमा केही औजार मात्र बनाउन सकिन्थ्यो र त्यो पनि निकै थकाइ लाग्ने काम थियो। परिश्रमअनुसार पारिश्रमिक पनि पाइँदैनथ्यो। आरनको काम गरेबापत तत्कालीन समयमा बाली (जीवका) पाइन्थ्यो।



शिवलालले यो परम्परालाई निरन्तरता दिँदै गर्दा उनले केही परिवर्तनको आवश्यकता महसुस गरे। ग्राहकले छिटो र राम्रो काम खोज्न थालेका थिए। बजारमा मेसिनले बनेका सस्तो र आकर्षक औजारहरू आउन थालेपछि परम्परागत आरनको काममा चुनौती थपियो। उनले सोचे, 'मेरो सीपलाई कसरी अझ प्रभावकारी बनाउन सकिन्छ ?'

'अब परम्परागत आरनको धुँवा र धूलोमा मात्र सीमित हुनुपर्दैन', शिवलाल लोहार मुस्कुराउँदै भन्छन्। आफ्नो पुख्यौंली पेसालाई आधुनिक प्रविधि र औजारको प्रयोगले नयाँ जीवन दिँदै उनले फलामबाट जीविकोपार्जन गर्ने तरिकामा क्रान्तिकारी परिवर्तन ल्याएका छन्। पुस्तौँदेखि लोहार समुदायले गर्दै आएको फलामको कामलाई अहिलेको समय सुहाउँदो बनाउनु नै उनको सफलताको मुख्य कडी हो।

परम्परागत आरनमा कोइलाको आगो फुकेर हत्केलाले घन चलाउँदै बनाइने हँसिया, बन्चरो, खुर्पा, चुलेसीजस्ता औजार अहिले बिजुलीबाट चल्ने ग्राइन्डर, वेल्डिङ मेसिन र अन्य आधुनिक उपकरणको सहयोगमा सजिलै छिटो बन्न थालेका छन्। पुरानो आरनमा नयाँ चमक देखिएको छ।

शिवलालले यो काममा हात हालेको धेरै भएको छैन। १८ वर्ष अघि पेसा सुरु गरेका उनले आफ्नो गाउँको पुरानो आरनलाई आधुनिक बनाउने संकल्प लिए। गाउँको पुरानो आरनको ठाउँमा सानो वर्कसप नै स्थापना गरे। 'पहिले दिनभर एउटा खुर्पा बनाउन लाग्थ्यो, त्यसमाथि हात पनि पोल्ने डर हुन्थ्यो', उनी भन्छन 'अहिले आधुनिक मेसिनको प्रयोगले छोटो समयमै धेरै औजारहरू बनाउन सकिन्छ।'

आधुनिक प्रविधिको प्रयोगले उत्पादनको गुणस्तरमा सुधार आएको छ। यसले गर्दा बजारमा माग पनि बढिरहेको छ। 'पहिलेका औजारमा धार छिटो बिग्रने समस्या थियो, तर अहिले मेसिनले गर्दा बनेका औजारहरू अझ टिकाऊ र बलिया भएका छन्,' उनी भन्छन्, 'रूपन्देही मात्र नभई काठमाडौँ, विराटनगर, हुम्ला जुम्लासम्म मैले बनाएका औजारहरू पुगेका छन्।'

यसै पेसाले उनले आफ्नो र दिवङ्गत भाइका सन्तानलाई निजी विद्यालयमा पढाइरहेका छन्। यसैले घरखर्च चल्ने गरेको छ। उनी आफ्नो यो पेसामा पूर्ण सन्तुष्ट देखिन्छन्। नौ जनाको परिवार पनि सन्तुष्ट छ। दैनिक औसतमा रु पाँच हजारसम्मको कारोबार हुने गरेको उनले सुनाए। शिवलालको यो प्रयासले लोहार समुदायका अन्य युवालाई पनि प्रेरणा दिएको छ। उनीहरू पनि आधुनिक मेसिनहरू चलाउन सिक्न उत्साहित छन्। लोहार समुदायको परम्परागत सीपलाई आधुनिक प्रविधिले नयाँ ढङ्गबाट संरक्षण गरेको यो उदाहरणले अन्य पेसाकर्मीलाई पनि आफ्नो काममा नयाँपन ल्याउन प्रोत्साहन मिलेको छ ।

शिवलाल भन्छन्, 'मेरो यो प्रयासले फलामको कामलाई केवल परम्परागत पेसाको रूपमा मात्र नभई आधुनिक र सम्मानित पेसाको रूपमा स्थापित गर्न मद्दत गर्नेछ।' यसले युवाहरूलाई विदेशिनुभन्दा आफ्नै ठाउँमा केही गर्न सकिन्छ भन्ने सन्देश पनि दिएको छ। आफ्नो आरनमा पहिलोपटक बिजुलीबाट चल्ने ग्राइन्डर र वेल्डिङ मेसिन भित्र्याउँदा शिवलाल दृढ थिए, यसले राम्रो प्रतिफल दिन्छ भनेर। उनले नयाँ प्रविधिको प्रयोगबाट काम कति सजिलो र छिटो हुन्छ भन्ने कुरा देखाउने निर्णय गरे र यसमा सफल पनि भए।

ग्राइन्डरले फलामलाई छोटो समयमै आकार दिन र धार लगाउन मद्दत गऱ्यो। पहिला हत्केलाले घन चलाउँदै धेरै बेर लगाएर मिलाउने काम अब केही मिनेटमै हुने भयो। बेल्डिङ मेसिनको प्रयोगले फलामका टुक्रा जोड्न र औजारको मर्मत गर्न निकै सजिलो भयो। यसले समय र श्रम दुवै बचायो।

यी आधुनिक औजारहरूको प्रयोगले शिवलालको कामको गुणस्तर पनि बढ्यो। बनेको औजारहरू अझ राम्रो र फिनिसिङ भएका देखिन थाले। यसले ग्राहकहरूलाई आकर्षित गऱ्यो र उनले बजारमा आफ्नो छुट्टै पहिचान बनाए। कामको माग बढेपछि शिवलालले काममा सहयोग गर्न चार जना कामदार पनि राखे। उनले आफ्ना कामदारलाई पनि आधुनिक औजार चलाउन सिकाए। अब उनीहरू सबै मिलेर काम गर्दा कामको गति झनै बढ्यो। यसले गाउँका अरू मानिसहरूलाई पनि रोजगारी मिल्यो।

नयाँ प्रविधि अपनाउनु शिवलालको लागि भने त्यति सजिलो थिएन। सुरूमा उनलाई औजार चलाउन केही गाह्रो भयो। बिजुलीको बिल पनि बढ्यो। तर, उनले हार मानेनन्। उनले बिस्तारै–बिस्तारै औजार चलाउनमा दक्षता बढाए। कामबाट हुने आम्दानी बढेपछि बिजुलीको बिल पनि त्यति ठूलो समस्या लागेन।

शिवलाल भन्छन्, 'परम्परागत सीपको जगमा नयाँ प्रविधिको घर बनाउँदा नै दिगो विकास सम्भव हुँदो रहेछ। मैले पुर्खाले सिकाएको सीपलाई बिर्सिनँ, तर समयसँगै परिवर्तन हुनुपर्छ भन्ने कुरा पनि बुझेँ।' उनले पेसागत कामप्रति स्थानीय सरकारको अपनत्व हुनुपर्ने भए पनि त्यसो नभएको गुनासो गरे। 'अन्य पालिकामा यसै पेसामा लागेकालाई पालिकाले औजारहरू दिएर पेसा सञ्चालन गरेको थाहा पाउँछु,' लोहारले भने, 'तर हाम्रो पालिकामा त्यस्तो केही सहयोग पाइएको छैन।'

शिवलाल लोहारको कथा ग्रामीण क्षेत्रमा रहेका परम्परागत पेसाकर्मीका लागि एक प्रेरणाको स्रोत बनेको छ। उनले परम्परागत पेसालाई लोप हुनबाट जोगाउन र यसलाई अझै पनि जीवन्त राख्न आधुनिक प्रविधिको प्रयोग अपरिहार्य छ भन्ने प्रमाणित गरेका छन्। उनको सफलताले नयाँ पुस्तालाई पनि यो पेसा अँगाल्न प्रेरित गर्न सक्छ।

शिवलालको आरनमा आज पनि कोइलाको आगो दन्किन्छ, तर त्यसको छेउमा ग्राइन्डरको आवाज पनि सुनिन्छ। यो दुवैको संयोजनले उनको आरनलाई नयाँ जीवन दिएको छ। उनी आफ्नो पेसामा पूर्ण रूपमा सन्तुष्ट रहेका छन् र यसबाटै आफ्नो परिवार र गाउँको भविष्य उज्यालो बनाउन लागि परेका छन्।

# झडपमा नगरप्रमुखसहित पाँच घाइते

रौतहट, ३१ साउन। रौतहटको धरहरी गाउँमा शनिबार कृष्ण जन्माष्टमी मेला उद्राटनको विषयलाई लिएर दुई पक्षबीच झडप हुँदा नगरप्रमुखसहित पाँच जना घाइते भएका छन्। देवाही गोनाही नगरपालिका–९, धरहरीमा कृष्ण जन्मअष्टमी मेलाको उद्राटन (रिबन काट्ने) कार्यक्रमलाई लिएर विवाद उत्पन्न हुँदा झडप भएको हो। झडपमा देवाही गोनाहीका नगर प्रमुख प्रेमलाल साह गम्भीर घाइते भएका छन्। उनको टाउकोमा चोट लागेको ईलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।

झडपको घटनामा प्रहरी जवान जगदीश यादव र घनशंकर ठाकुरलगायत ५ जना घाइते भएका छन्। नगर प्रमुख साहलाई तत्कालै उपचारका लागि गरुडास्थित बेटर नेपाल मल्टिस्पेसियालिटी अस्पताल भर्ना गरिएको छ। उनको टाउकोमा १५ वटा टाका लागेको छ। इलाका प्रहरी गरुडाका डीएसपी राजन कार्कीका अनुसार धरहरीस्थित कृष्ण मन्दिरमा लाग्ने मेला उद्राटन गर्न नगरप्रमुख साहले जोड दिएपछि विवाद सुरु भएको हो ।

धार्मिक कार्यक्रम भएकाले राजनीतिक कार्यक्रम जस्तै नगर्न नगरप्रमुख साहलाई स्थानीयले सुझाव दिएका थिए। उनले उद्राटन गर्नुपर्छ भने पछि दुवै पक्षबीच झडप भएको हो। झडपमा संलग्न रहेको आरोपमा प्रहरीले धरहरी टोलका राधामोहन साह, विनोद साह र रीतिक साहलाई पक्राउ गरेको जनाएको छ। पक्राउ परेकाहरुबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# दर्ता भएर सञ्चालनमा नरहेका विद्यालयको अनुमति खारेजी गरिने

काठमाडौँ, ३१ साउन। काठमाडौँ महानगरपालिकाले आफ्नो मातहतमा दर्ता भएका तर सञ्चालनमा नरहेका संस्थागत विद्यालयहरूको अनुमति खारेजीको तयारी थालेको छ। कामपा शिक्षा विभागले यस्ता विद्यालयहरूको स्थलगत अनुगमन गरी खारेजीको लागि थप प्रक्रियामा जाने तयारी गरेको कामपाले जानकारी दिएको छ। वैकल्पिक विद्यालयहरू महिला ज्योति, जायना र जेम्स नमूनालाई स्थानान्तरण अनुमति दिइएको कामपाको उपप्रमुख सुनिता डङ्गोलले जानकारी दिइन्।

उनका अनुसार २५ वटा विद्यालयको नाम परिवर्तनको लागि अनुमति दिइएको छ। सामुदायिक तथा संस्थागत विद्यालयहरूको कक्षा र विषय थप, नाम र स्थान परिवर्तन, स्वामित्व परिवर्तन, सञ्चालनमा नरहेका विद्यालयहरूको अनुमति खारेजी, वैकल्पिक विद्यालय स्थानान्तरणजस्ता विषय कामपाको शिक्षा समितिमा छलफलको क्रममा रहेको उनले जानकारी दिइन्। रानीदेवी माध्यमिक विद्यालय, रानीबारीलाई शैक्षिक सत्र २०८२ देखि कक्षा १० सञ्चालन गर्न अनुमति दिइएको छ। पशुपति मित्र, गीतामाता, जनकल्याण, जनपथ र नेपाल आदर्श माध्यमिक विद्यालयलाई प्राविधिक धारमा कक्षा १२ मा सिभिल र कम्प्युटर इञ्जिनियरिङ विषय थप गर्न अनुमति प्रदान गरिएको छ।

संस्थागत विद्यालयहरूको कक्षा र विषय थपका लागि १२ वटा विद्यालयलाई अनुमति दिने तयारी पनि कामपाले गरेको छ। त्यस्तै नाम परिवर्तनका लागि कागजात पेस गरेका २१ वटा विद्यालयलाई अनुमति दिइएको छ। संस्थागत विद्यालयको स्थानान्तरणको लागि आवश्यक मापदण्ड तयार गरी आगामी शिक्षा समितिको बैठकमा पेस गर्न कामपा शिक्षा तथा स्वास्थ्य समितिलाई जिम्मेवारी दिइएको छ।

आर्थिक वर्ष २०८२ र ८३ को शिक्षा क्षेत्रको बजेट र बुक फ्रि फ्राइडे कार्यक्रमको उपयोगिता, सान्दर्भिकता र परिमार्जनका लागि शिक्षा तथा स्वास्थ्य समितिमार्फत १५ दिनभित्र प्रतिवेदन पेस गर्ने तयारी कामपाको छ। सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि डा सुरजराज काफ्लेको संयोजकत्वमा कार्यदल गठन गरिएको छ। कार्यदलले विद्यालय सञ्चालनको मापदण्ड, सामाजिक र स्रोत नक्साङ्कन, भौतिक संरचना, शैक्षिक गुणस्तर र दीर्घकालीन शिक्षा योजनाका लागि सुझावसहितको प्रतिवेदन पेस गर्नेछ प्रारम्भिक बाल विकासको अभिलेखीकरण विधान दर्ताका लागि शिक्षा विभागले अध्ययन गरी कार्य गर्ने कामपाले जनाएको छ।

# नेपालको इँटा उद्योगमा ९० प्रतिशत कामदार भारतीय

रौतहट, ३१ साउन। नेपालको इँटा उद्योगमा ९० प्रतिशत भारतीय र १० प्रतिशत मात्र नेपाली कामदार भएको नेपाल इँटा उद्योग व्यवसायी महासंघका केन्द्रीय कोषाध्यक्ष तथा मधेश प्रदेश अध्यक्ष विक्रम कुमार साहले खुलासा गरेका छन्।

रौतहट इँटा उद्योग व्यवसायी संघको सातौँ साधारण सभा तथा पाँचौ अधिवेशनमा बोल्दै प्रदेश अध्यक्ष साहले नेपालमा दक्ष कामदार नपाउँदा भारतीय कामदारको आधिपत्य रहेको बताउँदै आफूहरूले केन्द्र सरकारलाई बारम्बार दक्ष कामदारको तालिमको लागि आग्रह गरेको सुनाए।

संघका रौतहट अध्यक्ष राम विनोद साहको सभापतित्वमा गरुडामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश अध्यक्ष साहले प्रदेशमा एक हजार ३४९ इँटा उद्योग रहेकामा विस्तारै अहिले ७०० मा झरेको बताए। बिमा नहुँदा उद्योगी पलायन हुँदा राज्यलाई पनि ठुलो आर्थिक घाटा भएको साहको दाबी छ। सरकारले इँटा उद्योगलाई बिमा नगर्ने हो भने विस्तारै उद्योगीहरू पलायन हुँदै विदेशबाट इँटा ल्याउनुपर्ने अवस्था आउन सक्ने चेतावनी पनि दिए।

कार्यक्रममा गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमनि प्रसाद कल्वारले करोडौँको लगानी गरेर इँटा व्यवसायमा अस्वस्थ प्रतिस्पर्धाले उद्योगी टाट पल्टिरहेकोले सबै पक्षले गम्भीर भएर विचार गर्नुपर्ने बताए। रौतहटका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले ऐन कानुनको परिधिमा रहेर उद्योग सञ्चालन गर्न सुझाव दिए। प्रजिअ खड्काले वातावरणलाई विशेष ध्यान दिनुपर्ने र बालश्रम शोषण गर्न नहुने बताउँदै पुस मसान्तपछि मात्र उद्योग सञ्चालन गर्न सुझाव दिए।

अध्यक्ष राम विनोद साहले रौतहटमा १६३ इँटा उद्योगमध्ये करिब ६० ओटा मात्र सञ्चालनमा रहेको बताउँदै इँटा उद्योगीको समस्या कसैले नबुझेको बताए।

## *रास्वपा सभापति...*

लामिछाने पूर्पक्षका लागि थुनामा रहनुभएको हो। तीनवटै तहका अदालतमा पुनरावेदनको ढोका बन्द भएपछि लामिछानेले मुलुकी अपराध कार्यविधि संहिताको अर्को व्यवस्थाअन्तर्गत आफूलाई थुनामुक्त गर्न एक हप्ताअघि निवेदन दिनुभएको थियो। रुपन्देही जिल्ला अदालतले गएको हप्ता उहाँको पछिल्लो निवेदन अनुसार थुनामुक्त गर्न अस्वीकार गरेको छ।

# भयावह बन्दै आत्महत्याका घटना

धीरेन्द्रप्रसाद साह

जनकपुर, ३१ साउन। मधेश प्रदेशमा आत्महत्याका घटनाको अवस्था भयावह बन्दै गएको छ। प्रदेशभरि आत्महत्या गर्नेमा पुरुषको तुलनामा महिलाको संख्या बढी देखिएको छ। प्रदेशका आठ वटै जिल्लामा आर्थिक वर्ष २०८१/८२ मा एक हजार २५३ वटा आत्महत्याका घटना भएका छन्। तीमध्ये महिलाको संख्या ४७५ र पुरुषको ४६७ छ। आत्महत्या गर्ने सूचीमा बालकभन्दा बालिका बढी छन्। बालकको संख्या ६५ छ भने बालिकाको संख्या २४६ छ।

गत आवभन्दा अघिल्लो आवमा आत्महत्याका घटना बढी भएको छ। अघिल्लो आव २०८०/८१ मा एक हजार २७८ वटा आत्महत्याका घटना भएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ। अघिल्लो आवमा पुरुष ५४०, महिला ४७०, बालक ६७ र बालिका २०१ जनाले आत्महत्या गरेका सो कार्यालयका अपराध अनुसन्धान अधिकृत प्रहरी निरीक्षक सोनुकुमार साहले जानकारी दिनुभयो। उहाँका अनुसार यस आवमा पुरुष र बालक गरी ६०७ र महिला र बालिका गरी ६७१ जनाले आत्महत्या गरेका थिए। यस आवमा पनि पुरुषको तुलनामा महिलाले धेरै आत्महत्या गरेको उहाँले बताउनुभयो। बालिकाको मात्र हेर्ने हो भने अघिल्लो वर्षको तुलनामा गत वर्ष आत्महत्यामा बालिकाको संख्या बढी छ। बालिका आत्महत्यामा किशोरीहरू रहेका अनुसन्धान अधिकृत साहले बताउनुभयो। परीक्षा वा प्रेममा असफल, हनी ट्र्याप, घरायसी झैंझगडा, डिप्रेसन आदिबाट तिनले आत्महत्या गरेका पाइएको छ।

यस्तै घरायसी विवाद, मानसिक तनाव, आर्थिक सङ्कट, मोबाइल प्रयोगमा रोक लगाइएको झोक, मोबाइलमा गेम खेल्न नदिएपछि लगायतको अवस्थामा आत्महत्या रोजेको प्रहरी अनुसन्धानबाट खुलेको छ। घरेलु हिंसा, कम दाइजो ल्याएपछि सासूससुरा र पतिबाट कुटपिट भएको, पति परस्त्रीसँग लागेको थाहा पाएर, पति रोजगारीमा बाहिर रहेको अवस्थामा श्रीमतीको सम्बन्ध अन्य पुरुषसँग गाँसिएको अवस्थामा पतिले थाहा पाएपछि महिलाले आत्महत्या गरेको घटनाक्रमले देखाएको प्रहरीको भनाइ छ।

आत्महत्या घटना न्यूनीकरण गर्न तत्काल, मध्यम र दीर्घकालीन उपाय अपनाउन आवश्यक रहेको मनोविज्ञानका प्राध्यापक रामनरेश दासले बताउनुभयो। उहाँले भन्नुभयो, "सबैभन्दा पहिले सङ्कटमा परेका व्यक्तिलाई तुरुन्त सहयोग गर्न चौबिसै घण्टा सञ्चालन हुने हेल्पलाइन सेवा र आकस्मिक मनोवैज्ञानिक परामर्श केन्द्र स्थापना गर्नु पर्छ।" स्वास्थ्य संस्था र समुदायस्तरमा प्रशिक्षित परामर्शदाता उपलब्ध गराई मानसिक सहयोग सहज बनाउनुपर्ने उहाँले सुझाउनुभयो। मधेशमा विभिन्न कारणले तनावमा आएर मुख्यतः झुन्डिएर, विषपान गरेर आत्महत्याको बाटो अपनाउने गरेको देखिन्छ। आत्महत्याले परिवारमा विचलन आउने हुँदा सचेत र सजग भई यस घटनालाई निरुत्साहित गर्नु आवश्यक छ।

# पूर्वशिक्षकमाथि गोली प्रहार गरेको आरोपमा एक जना पक्राउ

काठमाडौं, ३१ साउन। सर्लाहीको हरिपुर्वा नगरपालिका-६ का पूर्वशिक्षक रामपुकार राय यादवमाथि गोली प्रहार गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। सर्लाहीका प्रहरी प्रवक्ता, प्रहरी नायब उपरीक्षक सरोज राईका अनुसार हिजो बेलुका आफ्नै घरको आँगनमा बसेर छरछिमेकीसँग कुराकानी गरिरहेको अवस्थामा यादवमाथि गोली प्रहार भएको थियो। टाउकोमा गोली लागेका यादवको उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमा नै ज्यान गएको थियो। मोटरसाइकलमा आएका व्यक्ति गोली प्रहार गरेलगत्तै भागेका थिए।

गोली प्रहार गर्ने व्यक्ति भाग्दै गर्दा हरिपुर्वा नगरपालिकाअन्तर्गत पर्ने बसन्तपुरमा मोटरसाइकल दुर्घटना भएको थियो। दुर्घटनामा घाइते भएका ती व्यक्तिको प्रहरी निगरानीमा जनकपुरमा उपचार भइरहेको प्रहरी नायब उपरीक्षक राईले जानकारी दिनुभयो। घाइते ती व्यक्तिको प्रहरीले परिचय खुलाएको छैन। घटनामा संलग्न अन्यको खोजी र थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

## बगैँचामा भेटियो ९८ किलो गाँजा

सप्तरी, ३१ साउन। सप्तरी जिल्लाको सुरुङ्गा नगरपालिका-११, नयाँटोलस्थित बिहुल खोला नजिकैको बगैँचाबाट करिब ९८ किलोग्राम गाँजा बरामद भएको छ। साउन ३० गते सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म पातो र नेपाल प्रहरीको संयुक्त टोलीले विशेष सूचनाको आधारमा उक्त स्थानमा छापा मारेको थियो। त्यस क्रममा बेवारिसे अवस्थामा ५ वटा पोकाभित्र राखिएको गाँजा फेला परेको हो। बरामद गरिएको गाँजालाई थप अनुसन्धान र आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको छ।

## पुरुषको शव नहरमा फेला

**देवराम यादव**

सप्तरी, ३१ साउन। सप्तरीको कञ्चनरूप नगरपालिका-८, चाँदनी चोकस्थित चन्द्र नहरमा एक जनाको शव फेला परेको छ। जिल्लाको कञ्चनरूप नगरपालिका-७, बलुवा चोकका ५० वर्षीय गोविन्द चौधरीको शव रहेको बताइएको छ। इलाका प्रहरी कार्यालय कञ्चनपुर सप्तरीका अनुसार मृतकको शनिबार दिउँसो करिब २ बजेतिर स्थानीयले नहरमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए।

खबर हुनासाथ इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधव काफलेले आवश्यक प्रक्रिया पूरा गर्दै शवलाई नहरबाट बाहिर निकालेर घटनास्थलको मुचुल्का तयार गरी मृतकको शवलाई गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा पोस्टमार्टमका लागि पठाइएको जानकारी दिनुभयो। उहाँका अनुसार चौधरीको मृत्युको कारणबारे अनुसन्धान भइरहेको छ।

# आमाले गरिन शिशुको हत्या

**विनय कर्ण**

सप्तरी, ३१ साउन। सप्तरीको रूपनी गाउँपालिका-१, रायपुरमा घर भएकी एक महिलाले आफ्नै २० दिने छोराको हत्या गरेको घटना सार्वजनिक भएको छ। खडक नगरपालिका-८, बगोल भदियामा बस्दैआएकी ३० वर्षीया मानसिक संतुलन ठिक नभएकी आइसा खातुनले २० दिने शिशुको खुकुरी प्रहार गरी हत्या गरेकी हुन्।

खडक नगरपालिका स्थित माइतीमा घरमा बस्दै आएकी आइसाले आफ्नै छोरा २० दिने शिशुलाई धारिलो हतियारले टाउकोमा प्रहार गरी घाइते बनाएकी थिइन्। खुकुरी प्रहारबाट गम्भीर घाइते शिशुलाई उपचारका लागि न्युरो अस्पताल विराटनगर पठाइए पनि उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिनुभयो।

घटनापछि खुकुरीसहित आइसालाई नियन्त्रणमा लिएर प्राथमिक स्वास्थ्य केन्द्र कल्याणपुरमा स्वास्थ्य परीक्षण गराउँदा मानसिक सन्तुलन ठिक नभएको चिकित्सले लेखिदिएपछि उहाँलाई उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको उहाँले बताउनुभयो।

प्रहरीका अनुसार आइसालाई उपचार गराउन आमा र भाइसँगै प्रहरी सहायक निरीक्षक हरिराज सिंहको कमान्डमा तीन जना प्रहरी पठाइएको छ। मृतक शिशुको कोसी अस्पताल विराटनगरमा शव परीक्षण पश्चात मृतकको माइजु सचिला खातुनले शव बुझिलिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# चालु आवको पहिलो महिनाः सरकारको आम्दानी ८५ अर्ब, खर्च ४६ अर्ब

काठमाडौँ, ३१ साउन। चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना सरकारले रू. ८५ अर्ब १९ करोड आम्दानी गर्दा रू. ४६ अर्ब ३० करोड खर्च गरेको छ।

महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार चालु आवको पहिलो महिना वार्षिक लक्ष्यको पाँच दशमलव ५६ प्रतिशत आम्दानी र दुई दशमलव ३६ प्रतिशत खर्च भएको हो।

सरकारले चालु आवमा रू. १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख राजस्व उठाउने लक्ष्य राखेको छ। साउन मसान्तसम्ममा कर राजस्वबाट रू. ८० अर्ब ६७ करोडभन्दा बढी अर्थात् वार्षिक लक्ष्यको छ दशमलव ०९ प्रतिशत र गैर कर राजस्वबाट रू. तीन अर्ब ७९ करोड ५० लाख अर्थात् वार्षिक लक्ष्यको दुई दशमलव ४६ प्रतिशत संकलन भएको विवरणमा उल्लेख छ।

यस्तै, वैदेशिक अनुदानबाट रू. ४२ करोड १९ लाख र अन्य प्राप्तिबाट रू. ३० करोड ८९ लाख राजस्व सरकारी खातामा जम्मा भएको छ। यस वर्ष रू. १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख कर राजस्व, रू. एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख गैर कर राजस्व र रू. ५३ अर्ब ४४ करोड ६९ लाख वैदेशिक अनुदान उठाउने सरकारको लक्ष्य छ।

चालु आवका लागि रू. १९ खर्ब ६४ अर्ब ११ करोड बराबरको बजेट ल्याइएकामा साउन मसान्तसम्ममा रू. ४६ अर्ब ३० करोड ६१ लाख बराबर खर्च भएको छ। चालुतर्फ रू. ११ खर्ब ८० अर्ब ९८ करोड बजेट विनियोजन भएकामा हालसम्म एक दशमलव ५६ प्रतिशत अर्थात् रू. १८ अर्ब ४७ करोड ९८ लाख बराबर खर्च भएको महालेखाले जनाएको छ।

यस्तै, पुँजीगत शीर्षकमा रू. चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकामा शून्य दशमलव १८ प्रतिशत अर्थात् रू. ७२ करोड ६३ लाख मात्रै खर्च भएको छ। पहिलो महिनामा सबैभन्दा धेरै खर्च वित्तीय व्यवस्था शीर्षकमा भएको छ।

चालु आवका लागि वित्तीय व्यवस्था शीर्षकमा रू. तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख बराबर विनियोजन भएकामा साउन मसान्तसम्म सात दशमलव २२ प्रतिशत अर्थात् रू. २७ अर्ब १० करोड खर्च भएको छ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)